स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसीले यस वर्ष उनी एउटा होम प्रोडक्सन र अर्को बाहिरी ब्यानरको फिल्ममा अभिनय गर्ने योजनामा छन् । आगामी भदौ २० गतेदेखि उनले सुयोग गुरुङको निर्देशन तथा रोहित अधिकारीको निर्माणमा बन्न लागेको फिल्म 'फर्की फर्की'मा काम गर्ने जनाइएको छ । फिल्मको छायांकन सुरु नहुँदै निर्माण टिमले प्रदर्शन मिति भने निश्चित गरेको छ । महाशिवरात्रीको विदाको अवसर पारेर आगामी फागुन २५ गते फिल्मलाई प्रदर्शन गर्ने तयारी गरिएको छ ।

आजको विचार...



पूर्ण ओली

नेपालमा... (दुई पेजमा)

(दुई पेजमा)



अभिनेत्री मेलिना मानन्धरले पछिल्लोपटक २०७४ सालमा रिलिज भएको फिल्म 'रोमियो'मा काम गरेकी थिइन् । त्यसपछि उनी श्रीमानसँगै अमेरिका लागिन् । सन् १९९० र २००० दशककी यी हिट हिरोइन पछिल्लो समय सपरिवार अमेरिका बस्दै आएकी थिइन् । करिअरमा ४५ हाराहारीका फिल्ममा काम गरेकी मेलिना पछिल्लो समय काठमाडौंमा छिन् । उनले केही मिडियासँग कुराकानी गर्दै राम्रो प्रोजेक्ट र कथावस्तु पाए फिल्ममा फर्किन तयार रहेको बताएकी छन् ।

❒ वर्ष २९ ❒ अंक १ ❒ २०८० साउन १ गते सोमबार 17 July 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## जनचेतना प्रकाशकीय

## हाम्रो अविचलित यात्रा : २९ औं वर्षमा

कैलाशनगर मिडिया प्रालिद्वारा प्रकाशित नवजनचेतना राष्ट्रिय दैनिक (तत्कालीन साप्ताहिक) आजबाट २८ वर्ष पूरा गरी २९ औं वर्षमा प्रवेश गरेको छ । हाम्रो जस्तो मुलुकमा निजी क्षेत्रको व्यावसायिक सञ्चार संस्था निरन्तर २८ वर्ष प्रकाशनमा रहनु आफैमा एउटा उपलब्धि हो । यसका पछाडी जनचेतनामा विभिन्न कालखण्डमा विभिन्न भूमिकामा जोडिएका सबै सहकर्मी साथीहरूको अथक परिश्रम त छँदैछ, सँगै यो सफलता समाजका अनेक क्षेत्रको फराकिलो साथ र समर्थनको नतिजा पनि हो । यात्राका क्रममा मुलुकमा अनेकौं आरोह–अवरोह उत्पन्न भए । जतिसुकै जटिल परिस्थितिमा पनि हामी आफ्नो कर्म र दायित्वबाट भने विचलित भएका छैनौं । विगतको यो अनुभवले हामीलाई भावी यात्रा तय गर्न थप हौसला प्रदान गरेको छ । हामीले पहिले जस्तै ३ सय ४८ अंक प्रकाशित गर्दै २९ वर्षको यात्रा तय गरेका छौं । नेपालका धेरै जसो दैनिकहरुले वर्ष दिनमा ३ सय अंक समेत प्रकाशन गर्न नसकेको अवस्थामा पाल्पा जस्तो पहाडी जिल्लाबाट ३ सय ४८ अंक प्रकाशन गरेर पाठकको घरदैलोमा पुर्‍याउन पाएकोमा खुशी छौं ।

हामी प्रेस स्वतन्त्रता, मानवअधिकार, सामाजिक न्याय, निमुखा, विपन्न र सीमान्तकृतहरूको आवाजलाई मुखरित गराइ रहने छौं । यसअघि पनि अनेक दु:ख, कष्ट खेप्दै हामीले समाज, राष्ट्र र जनताको आवाजलाई नै प्रस्तुत गर्दै सञ्चारकर्मलाई इमानदारी र निष्ठाका साथ गरिरह्यौं । हाम्रो यात्रालाई सहज तुल्याउन विगतमा धेरै सहकर्मीहरूको योगदान रहेको छ । एक प्रकारले विगतका दिनमा नवजनचेतना दैनिक पत्रकारितामा संलग्न हुन चाहने र निरन्तर यस क्षेत्रमा संलग्न अनेक पत्रकारका लागि पाठशाला जस्तो भएको थियो । अहिले पनि त्यही रूपमा हाम्रो योगदान निरन्तर छ भन्दा खुशी लागेको छ । मोफसलमा रहेर समाचारमूलक पत्रिका प्रकाशन गरी यो यात्रा तय गर्नु पक्कै पनि चुनौतिपूर्ण कार्य हो । जतिसुकै जटिल परिस्थितिमा पनि हामी आफ्नो कर्म र दायित्वबाट विचलित भएका छैनौं । मुलुक समृद्धिको यात्रामा छ । यो यात्रामा हामी सँगसँगै छौं । भूकम्प जस्ता महाविपत्तिमा होस् या कोरोना महामारीका बेला हामी निरन्तर स्थानीयस्तरका समाचार, दुर्गम क्षेत्रका जनताको आवाज मिडियासम्म ल्याउन तल्लीन रह्यौं । हाम्रो मूलभूत मान्यता सत्य–तथ्य समाचार प्रवाह गर्दै परिवर्तित समयअनुरूप परिष्कृत पत्रकारिता गर्नु हो । लोकतान्त्रिक पद्धति, विधिको शासन, संघीयता, राष्ट्रिय स्वधीनता र भ्रष्टाचाररहित समाज निर्माणमा खट्नु हाम्रो दायित्व हो ।

दक्ष जनशक्तिको अभाव, महंगो प्रविधि तथा त्यही प्रविधि पनि सहजताका साथ उपलब्ध नहुँदा प्रकाशनलाई निरन्तरता दिन निकै कठिन भइरहेको छ । केन्द्र, प्रदेश र स्थानीय सरकारहरु, आम पाठकवर्ग, विज्ञापनदाता, सञ्चारकर्मी, शुभचिन्तकहरुको निरन्तर सहयोगले हामी चुनौतीहरुलाई पार गर्दै यो अवस्थासम्म आइपुगेका छौं । विगत केही वर्षदेखि यो दैनिकलाई अनलाइन संस्करणमा समेत सँगसँगै अगाडि बढाएका छौं । विश्वभरका नेपालीलाई शित्तलपाटी डटकमले जोडिरहेको छ । मोफसलमा पत्रकारिताको यात्रा अझै पनि चुनौतीपूर्ण छ, तर यो चुनौतीलाई स्वीकार गरेरै हामी निरन्तर अगाडि बढ्ने अठोट गरेका छौं । पत्रकारिताका नयाँ आयामको प्रयोगमार्फत् हाम्रो यात्रा निरन्तर जारी रहने छ । अन्त्यमा, यो यात्रामा साथ दिनुहुने समस्त आमपाठक, विज्ञापनदाता, संवाददाता, लेखक, शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दै निरन्तर सहयोग र सहकार्यको अपेक्षा गरेका छौँ । सञ्चार माध्यमलाई 'आवाजविहीनको आवाज' भनिए पनि पूर्णरूपमा कार्यान्वयन हुन नसकेकोमा हामी सचेत छौं र भुँई मान्छेका आवाजलाई महत्वपूर्ण स्थान दिनुको साथै आम पाठकको अपेक्षा अनुरुप स्तरयुक्त सामग्री पस्किरहने समेत प्रतिबद्ध व्यक्त गर्दछौं ।

सबैको जय होस् ! सबैको कल्याण होस् ।

सम्पादक

# जेनतेन धानिदैं 'लुतो फाल्ने' संस्कृति

**लुतो फाल्ने संस्कृतिले जेनतेन निरन्तरता पाउँदै आएपनि विस्तारै त्यस क्रममा प्रयोग गरिने सामग्री बारेको जानकारी नयाँ पुस्तामा खासै छैन ।**

**रामचन्द्र रायमाझी**



**पाल्पा,** असार ३०/लुतो उधुम चिलाउने चर्मरोग हो । नेपालका पहाडी समुदायबीच 'लुतो फाल्ने' चलन चलिआएको छ । प्रत्येक वर्ष साउने संक्रान्तिको साँझ यस्तो चलन खासगरी ग्रामीण पहाडी भेगमा अद्यापि छ । लोकोक्ति अनुसार केटाकेटीलाई दु:ख दिने रातमा हिंड्ने कण्डारक नामको राक्षसलाई मन्सिएर भगाउन बलिरहेको अगुल्टो घरको चारैतिर 'लुतो लैजा' भनेर कराउँदै फालिन्थ्यो । त्यही परम्परा लुतो फाल्ने चलनका रूपमा कायम छ । पहिले-पहिले पहाडतिर लुतो फाल्ने कामलाई उत्सवकै रूपमा मनाइन्थ्यो । सामान्यतया असारमा रोपाइँ सकिने, रोपाइँ गर्दा हिलो र धमिलो पानीका कारण छालाको रोग लाग्न सक्ने भएकाले पनि साउने संक्रान्तिमा लुतो फाल्ने चलन बसेको बूढापाकाहरु बताउँछन् ।

तानसेन भगवतीटोलकी ७५ वर्षीय राधादेवी रायमाझीलाई 'मेरो लुतो लैजा' भन्दै आँगोको राँको फाल्ने गरेको सम्झना अहिले पनि ताजै छ । 'लुतो फाल्ने भनेपछि दिनभर परिवार, इष्टमित्र जम्मा भएर भलायो, कुकुरडाइनो, लुतेझार, पानीसरो, रातपाते जस्ता वनस्पतिहरु खोजेर ल्याइन्थ्यो र घरको पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिर ति वनस्पती राखिन्थ्यो, साँझा घर छेउबाट आगाको अगुल्टो फाल्दै पल्लो गाउँकाहरुलाई मेरो लुतो लैजा भन्दै, चिच्याइन्थ्यो', उनले भनिन्, 'अचेल नयाँ पुस्तामा त्यसको महत्व नै थाहा छैन ।' पहिले- पहिले सबै घर-घरमा रमाइलो गर्दै लुतो फालिन्थ्यो तर अहिले कोही कसैले नफाल्दा नरमालो लाग्ने गरेको उनको गुनासो छ ।

लुतो फाल्ने संस्कृतिले जेनतेन निरन्तरता पाउँदै आए पनि विस्तारै त्यस क्रममा प्रयोग गरिने सामग्रीबारेको जानकारी नयाँ पुस्तामा खासै छैन । लुतो फाल्ने संस्कृति विस्तारै हराउँदै गएको रैनादेवी छहराका ६७ वर्षीय विनोद कार्कीले बताए । उनलाई पनि विगतमा आगाको अगुल्टो फाल्दै लुतो फाल्ने गरेको झलझली याद आउँछ । '२० वर्ष भयो लुतो फाल्न छाडेको पहिला कति रमाइलो गर्दै फालिन्थ्यो अहिले हराउँदै गयो' कार्कीले भने । छोरा, नातीहरुले वास्ता नगर्ने र आफुलाई उमेरले पनि साथ नदिएपछि अहिले लुतो फाल्न छोडेको उनको भनाई छ । अहिले लुतो फाल्ने संस्कृतिले जेनतेन निरन्तरता पाउँदै आएपनि पछिल्लो समय विस्तारै कम हुँदै गएको छ । नयाँ पुस्ताले त्यसतर्फ खासै चासो नदेखाउँदा यो संस्कृतिमा कमी आएको हो । गुल्मी इस्मा गाउँपालिका-२ सिदुंखाकी ७२ वर्षीया सीता थापालाई नयाँ पुस्ताले संस्कृति भुल्दै गएको प्रति चिन्ता छ । 'पहिला कति रमाइलो गर्दै फालिन्थ्यो अहिले हराउँदै गयो, उनी भन्छिन्, 'साउन महिनाको १ गते संक्रान्तिका दिन यसरी चारै दिशातिर लुतो लैजा, पिलो लैजा भन्दै धँयरीको दाउरा जलाएर फाल्ने चलन छ ।' उनले नातीनातीनीहरुलाई हरेक वर्ष लुतो फाल्न सिकाउने गरेको बताउँछिन् । थापा भन्छिन् 'पहिले पहिले गाउँभरीकाले लुतो फाल्ने गर्थे तर आज भोलि खासै देखिदैन, मैले सक्दासम्म लुतो फाल्ने सामानहरु ल्याएर छोरा छोरी, नातीनातीनीहरुलाई फाल्न सिकाउने गर्छु, अहिले पनि हाम्रा घरमा लुतो फाल्ने गर्छौं ।'

(...बाँकी अन्तिम पेजमा)

# तानसेन खानेपानी तदर्थ समितिले कार्यालयको ताला फोडेर काम थाल्यो

**तानसेन,** असार ३१/तानसेन खानेपानी उपभोक्ता तदर्थ समितिले तानसेन खानेपानीको कार्यालयमा लागेको ताला फोडेर काम थालेको छ । कार्यालयमा १० दिनअघि पुरानो समितिले लगाएको ताला आइतबार फोडेर तदर्थ समितिले कामकाज थालेको हो ।



वडाका जनप्रतिनिधि, पत्रकार, उपभोक्ता, प्रहरी लगायतको उपस्थितिमा उक्त ताला फोरिएको छ । समितिले ताला फोडेर मुचुल्का तयारी गरी कार्यालय सुचारु गरेको हो । डा. पुरनमान बज्राचार्यको अध्यक्षातामा रहेको पुरानो समितिलाई विघटन गरी असार २१ गते तानसेन नगरपालिकाले मोहनप्रसाद श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरेको थियो । गठित तदर्थ समितिले पुरानो विघटित समितिसँग पटक-पटक बरवुजारत गरी साँचो बुझाउन आग्रह गर्दै आएकोमा साँचो नबुझाई मुद्दा मामलामा लागेको थियो । उपभोक्ताको चाहना अनुसार काम गर्न ढिलो भए पछि ताला फोर्न बाध्य भएको तदर्थ समितिका अध्यक्ष मोहन प्रसाद श्रेष्ठले पत्रकार सम्मेलनमा सार्वजनिक गरे ।

यसअघिको समितिका कार्यवाहक अध्यक्ष डा. पुरनमान बज्राचार्यको नेतृत्वमा रहेको पुरानो समितिलाई खानेपानी उपभोक्ताको भेलाले विघटन गरेको थियो । त्यसपछि असार २१ गते तानसेन नगरपालिकाले तानसेन नगरपालिका-२, का मोहन प्रसाद श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरेको हो । तदर्थ समितिले ताला फोर्नु अघि पत्रकार सम्मेलन गरेको थियो । उसले तदर्थ समिति गठन भएको १० दिनमा गरेका कार्यप्रगति र आगामी दिनमा गर्ने कार्ययोजनाका बारेमा जानकारी गराएको छ । समितिका अध्यक्ष श्रेष्ठले नगर सरकारले आफुहरुलाई निर्वाचन गराउने गरी खानेपानीको जिम्मा दिएकाले सोही अनुसार काम अगाडि बढाइएको बताए । उनले भने 'हामी निर्वाचन समयमै गराउने र अव्यवस्थित रहेको खानेपानीलाई व्यवस्थित बनाउने काममा केन्द्रीत छौं ।' पुरानो समितिले कार्यालय बन्द अवस्थामा राखेको र खातापाता समेत नदिएकाले कार्य सञ्चालनमा समस्या आएको अध्यक्ष श्रेष्ठले बताए । उनले खानेपानीको अवस्थाको बारेमा आफुहरुले फिल्ड भिजिट गरेको र त्यसको समाधान गर्न सकिने धारणा व्यक्त गरे । कार्यक्रममा समितिकी जेष्ठ सदस्य पूर्णमाया महर्जनले उपभोक्ताहरुले जहिले पनि धारा देऊ मात्र भन्ने तर पानी देऊ कहिल्यै नभन्ने गरेको बताइन् । उनले उपभोक्ताले धारा माग गरेकोमा धारा उपलब्ध भएको तर पानी उपलब्ध नभएकाले अब पानी देऊ भन्नुपर्ने बेला आएको धारणा व्यक्त गरिन् । महर्जन पहिले जस्तो पानी समयमै नपर्दा पानीका मुहानहरु समेत फुट्न नसक्दा पानीको समस्या हुने गरेको बताइन् । कार्यक्रममा पत्रकारहरुले तानसेनको खानेपानी व्यवस्थित बनाउने कुरामा समितिले राजनीतिक गन्ध नआउने गरी काम गर्न आग्रह गरे । समितिका सदस्य राधेश्याम ज्ञवालीको सञ्चालनमा पत्रकार सम्मेलन भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## लुतो फाल्ने दिनको महत्व

आज साउन १ अर्थात् लुतो फाल्ने दिन । साउन महिनाको पहिलो दिनलाई लुतो फाल्ने दिन अर्थात् साउने संक्रान्ति भनिन्छ । वर्षभरका दिनहरु मध्य आज साउने संक्रान्ति १ गते सबै भन्दा लामो दिनको हुन्छ । बेलुका लुतो फाली धार्मिक महत्वको साथ संक्रान्ति मनाइन्छ । आजको दिन कण्डारक नाम गरेको रात्रिचर राति हिंड्नेको पूजा गरी बलेको अगुल्टो फालेपछि वर्षाभर खेतबारीको काम गर्दा लागेको छालाको रोग, खटिरा, लुतो आदि निको हुने शास्त्रीय मान्यता रहेको छ । नेपालका पहाडी समुदायबीच 'लुतो फाल्ने' चलन चलिआएको छ । खासगरी यो चलन शहरमा हराउँदै गएपनि ग्रामीण पहाडी भेगमा अद्यापि छ । वर्षभरका संक्रान्तिमध्ये साउन र माघ गरी दुई वटालाई महत्वका साथ लिइन्छ । असारभर गरिने खेतीपातीका क्रममा हिलोका कारण छालामा कुनै रोग नलागोस् भन्दै लुतो फाल्ने प्रचलन परापूर्वकालदेखि चल्दै आएको हो । लुतो उधुम चिलाउने चर्म रोग हो । केटाकेटीलाई दुःख दिने रातमा हिंड्ने कण्डारक नामको राक्षसलाई मन्सिएर बलिरहेको अगुल्टो वारी गाउँले, पारी गाउँले लुतो लैजाऔं भनेर कराउँदै फाल्ने प्रचलन छ । साँझमा अगुल्टो फाल्दा त्यससँग कुरिलो, पैयाको हाँगा, तितेपाती पनि फाल्ने गरिन्छ । अनि घरको निरालमा भलायोका पात, कुस आदि राख्ने चलन कायमै छ । कतै भाण्टालाई दुलो पारेर चौबाटोमा फालिदिएर नुहाएमा समेत लुतोबाट छुटकरा पाइने जनविश्वास छ ।

पुरानो पुस्तालाई यसबारे जानकारी भएपनि नयाँ पुस्ताले यसको महत्व बुझ्न नसक्दा पछिल्लो समय लुतो फाल्ने प्रचलन हराउँदै गएको छ । यसो हुनु अत्यन्त दुःखको कुरा हो । लुतो फाल्ने प्रचलनले संस्कृतिको सरक्षण मात्र होइन वनस्पतिको संरक्षण समेत हुन्छ तर हिजो आज भने यो प्रचलनमा कमी हुँदै जाँदा वनस्पतिको संरक्षण समेत हुन छोडेको छ । कागती, अम्बा, अनार, नसपाती आदि फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो झ्याकिन्थ्यो । तर अहिलेको पुस्ताले औषधीजन्य गुण भएका वनस्पति चिन्नै गाह्रो छ । लुतो फाल्ने परम्पराको साँस्कृतिक र औषाधी महत्व हुँदा हुँदै पनि यसको वेवास्त गरिएको छ । यसर्थ लुतो फाल्ने प्रचलनलाई कायम राख्दै औषधीजन्य गुण भएका वनस्पति जोगाउने र थप वृद्धि गर्नु आजको आवश्यकता हो । यसतर्फ सबैको ध्यान जान जरुरी छ ।

### Opinion @ Social Network

त्यति ठूलो चाहना त कहाँ छ र ? बस आफ्नो मनलाई आफैले सम्झाउन सकु कि हरेक पाइलामा अभाव र प्रभावले जिउनुपर्छ भनेर ।
*(मिला दरैको फेसबुक स्टाटस https:/www.facebook.com/mk.mila)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा बढ्दो अमेरिकी प्रभाव



पूर्ण ओली

***अमेरिकाको मध्यपूर्वको सबभन्दा घनिष्ट सम्बन्ध भएको बिश्वासिलो मित्र इजरायलका प्राय सबै शत्रुलाई कमजोर पार्ने क्रममा सिरियामा पनि बिभिन्न समस्या निकालेर त्यसलाई पनिरुस र अमेरिकाको दोहोरो हमलामा पारेर त्यो ऐतिहासिक देश सिरिया ध्वस्त पारियो । अहिले सिरिया युद्धपछि गए गुज्रेको अबस्थामा छ । यसलाई ठोसरुपमा सहयोग गर्ने देश पनि खासै देखिँदैनन् । अमेरिकाले पहिला ओसामा विन लादेनलाई अफगानिस्तानबाट सोभियत फौज हटाउन प्रयोग गर्‍यो । पछि उसैलाई अमेरिकाको ट्वीन टावर हमलापछि पाकिस्तानको सिमानमा हवाइ रेड गरि हत्या गरेको थियो । यसरी अमेरिकाले आफ्ना हित बिरुद्ध जाने कुनै पनि देशमा आन्तरिक गडबढी गराएर पनि ती देशका शासकलाई मार्न उसलाई कुनै कठिनाइ देखिँदैन ।***

अहिलेको विश्व व्यवस्थापनमा अमेरिकी एकल ध्रुवीय शक्ति क्रमशः घट्दो अवस्थामा रहेपनि अहिलेसम्म विश्वको शक्तिशाली मुलुक अमेरिका नै हो । अझैपनि संसारका धेरै देशहरुमा अमेरिकी सेनाका बेस क्याम्पहरु तैनाथ छन् । सोभियत संघको विघटन, रुसको घट्दो शक्ति तथा रुस पछिल्लो समय युक्रेन युद्धमा अल्झिनु रुसको दुर्भाग्य हो । पश्चिमाको सहयोगमा युक्रेनका राष्ट्रपति जेलोनोस्कीको नाटो देशसँग सदस्यता लिने प्रयासले रुसलाई कठिन अबस्थामा पुर्‍यायो । अहिले अमेरिकाले युक्रेनलाई रुस बिरुद्ध लड्न क्लस्टर बम्ब पठाउने निर्णय गरेता पनि अरु नाटो देशले धेरै क्षति हुने भएकाले स्विकारेका देखिँदैनन् । अमेरिकाको अनन्य सहयोगी बेलायतले पनि यसलाई मानिरहेको छैन । खासगरि फ्रान्स र जर्मनी जस्ता देशहरु रुससँग सधैं झगडा गर्नु भन्दा उसँग मिलेर जाने बाध्यतामा देखिन्छन् । रुस र युक्रेनको लडाईको पहिलो प्रभाव युरोपमा नै पर्नेछ । ती देशहरुमा ग्यास र खाद्यान्नको आपूर्ति रुसबाट सजिलैसँग हुन सक्छ । तर अमेरिका यी सब विषय रुचाउँदैन । अमेरिकी नीतिको कारण अहिले युरोपियन देशहरु मिलेर छुट्टै शक्ति बनाउने प्रयासमा छन् । लामो समय शासन गरेका लिबियाका राष्ट्रपति कर्णेल गद्दाफीले फ्रान्सलाई समुद्रबाट तेल पठाउने कुराको बिरोध गर्दा गद्दाफीलाई सत्ताबाट च्युत गराएर हत्यासम्म अमेरिकाले गरिसकेको छ ।

अमेरिकाको नीति नै उसँग नआउने सबै उसका शत्रु हुन् भन्ने छ । अमेरिकाको मध्यपूर्वको शत्रु देश इरानलाई कमजोर पार्न इराकका राष्ट्रपति सद्दाम हुसेनलाई शक्तिशाली बनाएर आखिरमा इराकमा आँणविक बम छ भन्ने बहानामा इराकलाई ध्वस्त बनाएर सद्दामलाई नै फाँसी दिएर मारियो । अमेरिकाको मध्यपूर्वको सबभन्दा घनिष्ट सम्बन्ध भएको बिश्वासिलो मित्र इजरायलका प्राय सबै शत्रुलाई कमजोर पार्ने क्रममा सिरियामा पनि बिभिन्न समस्या निकालेर त्यसलाई पनिरुस र अमेरिकाको दोहोरो हमलामा पारेर त्यो ऐतिहासिक देश सिरिया ध्वस्त पारियो । अहिले सिरिया युद्धपछि गए गुज्रेको अबस्थामा छ । यसलाई ठोसरुपमा सहयोग गर्ने देश पनि खासै देखिँदैनन् । अमेरिकाले पहिला ओसामा विन लादेनलाई अफगानिस्तानबाट सोभियत फौज हटाउन प्रयोग गर्‍यो । पछि उसैलाई अमेरिकाको ट्वीन टावर हमलापछि पाकिस्तानको सिमानमा हवाइ रेड गरि हत्या गरेको थियो । यसरी अमेरिकाले आफ्ना हित बिरुद्ध जाने कुनै पनि देशमा आन्तरिक गडबढी गराएर पनि ती देशका शासकलाई मार्न उसलाई कुनै कठिनाइ देखिँदैन । त्यसैले अहिले युक्रेनका राष्ट्रपतिले अमेरिकी इच्छाअनुसार नचली रुससँग मिल्न खोजेमा उनलाई पनि पन्छाएर अर्को जेलोनोस्की तयार गर्न पनि अमेरिका पछि पर्ने छैन । अमेरिका जसरी हुन्छ संसारमा कुटनीतिक तरिका होस् या हतियारको शक्तिको प्रयोग गरेर पनि आफ्नो स्वार्थ पूरा गरेर छोड्छ । यसतर्फ नेपालका नेताहरु गम्भिर बनून । अहिले अमेरिकालाई चुनौती दिने उदयीमान देश चीन भएको छ । आर्थिक सम्पन्नतामा चीन पहिलो नम्बरमा आइसकेको छ भने सामरिक शक्तिमा पनि सँगसँगै अघि बढ्दैछ । त्यसैले अमेरिकाको एउटै उद्देश्य बिभिन्न तरिकाबाट घेराउ गरेर भएपनि चीनलाई कमजोर पार्नु छ । नेपाल जस्तो दुर्गम पहाडी राज्यमा अहिले अमेरिकाको दबाव र प्रभाव झन् झन् बढ्न थालेको छ । हुन त अमेरिकाले खम्पाहरुलाई आर्थिक र हतियारबाट सहयोग गरेर तिब्बतमा उथलपुथल पार्ने प्रयास नगरेको होइन । तर त्यतिखेर राजा वीरेन्द्रको हिम्मतिलो, सुझबुझपूर्ण र नेपाली सेनाको प्रयासले खम्पाहरुलाई निसस्त्रीकरण गरेर त्यसको प्रमुख वाङदीलाई एम्बुसमा पारेर मारिएको थियो । तर हाम्रा अहिलेका प्राय सबै दलका प्रमुख नेता बिदेशीका अगाडि नतमस्तक हुने तथा अमेरिकासँग बढि झुकाव राख्ने भएकाले उसले बिभिन्न सहयोगको नाममा नेपालमा आफ्नो प्रभाव बढाइसकेका छ । यही सिलसिलामा इण्डो प्यासिफिक स्ट्राटेजिक सुरक्षासँग जोडिएको एमसीसीलाई जर्वजस्ती तवरबाट सहयोगको नाममा नेपाल भित्र अमेरिकाले घुसाइसकेको छ । एमसीसी राष्ट्रहित विपरित छ भनेर प्राय सबै बामपन्थीले यसको निकै बिरोध गरे ।

पछि उनै बामपन्थीसहित मिलेर एमसीसी सदनबाट पारित गरियो । एमसीसीमा काम गर्नेलाई नेपालको कानुनले छुँदैन । यसले एउटा देशभित्र दुईवटा कानुन हुने निश्चित देखिन्छ । यसले गर्दा भविष्यमा नेपालमा आन्तरिक समस्या बढ्ने देखिन्छ । नेपाली काँग्रेसका शेरबहादुरलाई अमेरिकी समर्थक भनिन्थ्यो । अहिले सबैजसो दलका नेता अमेरिकासँग सम्बन्ध राम्रो नबनाइ आफ्नो भविष्य देख्न छोडिसके । त्यसमा माओवादी नेता प्रधानमन्त्री प्रचण्डलाई उनले द्वन्द्वमा गरेका केही नरसंहारको फलस्वरुप कुनै दिन हेगमा पुग्ने डरले अमेरिका र भारतलाई रिझाउने प्रयास गर्दा गर्दै आफ्नो देशका हितलाई तिलान्जली दिन थालिसके । जुनकुरा उनले भारत भ्रमणमा नेपालका राष्ट्रिय हितमा केही बोल्न नसकेकोबाट थाहा हुन्छ । नेपााली काँग्रेसका युवा नेता गगन थापाहरु पनि एमसीसीका कट्टर समर्थक भएको कुरा उनले सदनबाटै सबैलाई च्यालेन्ज गरेबाट थाहा हुन्छ । त्यस्तै एमालेका उपसचिव बिष्णु रिमालले पनि विभिन्न टेलिभिजनमार्फत एमसीसी जसरी भएपनि पास गरिन्छ भनेर अभिव्यक्ति दिएपछि नेकपाभित्र विवाद सुरु भयो र नेपका नै विभाजित बन्यो । यसरी बुढा, युवा सबै नेतालाई जसरी हुन्छ अमेरिकालाई खुसी पारेर उसैको छत्र छायाँमा बस्न रुचाउने मात्र ध्याउन्न छ । अर्कोतर्फ हाम्रो उत्तरी छिमेकि राष्ट्र चीन अहिले संसारकै सबभन्दा शक्तिशाली हुने अबस्थामा पुगिसकेको छ । आर्थिक स्तरमा नम्बर एकमा छ भने सामरिक स्तरमा पनि अमेरिकालाई टक्कर दिन थालिसकेको छ ।

चीनले बिआरआइको माध्यमबाट उ छिमेकी देशसहित अन्य देशसँग जोडिँदैछ । उसले आफूसँग अरु देशलाई पनि बिकासको साझेदार बनाएर मित्रतापूर्ण तरिकाबाट अगाडि बढिरहेको छ । कतिपय देशले यसबाट निकै लाभ लिइरहेका छन् । हामीले सन २०१७ मा चीनसँग बिआरआईमा सम्झौता गरिसकेर पनि अहिलेसम्म कार्यन्वयन गर्न सकेका छैनौं । यसको प्रमुख कारण हाम्रा नेतानै हुन् । किनकि यी नेताको सामिप्यता अमेरिका तिर नै छ । उनीहरुलाई देशको स्वार्थ र बिकास भन्दा पनि अमेरिका छिर्न नपाउने डर मात्र छ । यदि हामीले चीनसँग पनि घनिष्ट सम्बन्ध राखेर हाम्रा पूर्वाधार विकासमा चीनको हार्दिकतापूर्ण सहयोग लिन खोजेको भए हामीले धेरै फाइदा लिन सक्ने थियौं । अहिले नेपालमा अमेरिकन बिदेश बिभागका सहायक बिदेश मन्त्री आएका छन् । यस्तो आउने क्रममा लामो समयदेखि लगातार भएको छ । यसको प्रमुख उद्देश्य एमसीसी जतिसक्तो छिटो कार्यन्वयन गराउनु हो । सहयोग लिनेलाई भन्दा दिनेलाई बढि हतारो हुनु नै यो षड्यन्त्रमुलक छ भन्ने भान हुन्छ । यही बेलामा चीनबाट पनि बिदेश बिभागका काउन्सीलर आएका छन् । हामीलाई बिदेशबाट नेताहरु आइरहँदा डराउनु पर्दैन । तर हामी उनीहरुको प्रभावमा नपरी हाम्रा एजेण्डा र कार्यक्रमहरु राख्न सक्नुपर्छ । हाम्रा चाहना र आवश्यकताहरु प्रष्टसँग राख्नुपर्छ । हामीलाई यी क्षेत्रहरुमा मात्र सहयोग गर्नुहोस् भन्ने आँट गर्नुपर्छ । यसैमा हाम्रा देशका जनताको भलो हुनेछ । जसरी राजा महेन्द्रले शितकालीन समयमा पनि अमेरिका, चीन, बेलायत, सोभियत युनियन, भारत सबैबाट ठूला ठूला सहयोग लिएका थिए । मधेश प्रदेशमा रुसले गरेका सहयोग निकै उल्लेखनीय छन् । यसलाई हामीले सम्झनु पर्छ । कमसेकम हामी अमेरिका र चीनको युद्ध मैदान नबनौं ।

जसरी अहिले एकजना जेलोनोस्कीलाई अगाडि लगाएर रुसलाई युद्धमा होमेर युरोपमा लडाईको बातावरण बन्दैछ । त्यसरी नेपाल जस्तो गरिब देश पनि एकदिन युद्ध मैदान नबनोस् । यसतर्फ हाम्रा सत्ताधारी नेताहरु सचेत भएको पाइँदैन । यसतर्फ हामी गम्भिर बन्नु भन्दा हामी आन्तरिक गठजोडको अस्थिर राजनीतिबाट गुज्रिरहेका छौं । मिलिझुली सरकारका नाममा देश र जनता लुटिरहेका छौं । भ्रष्टाचारमा चुर्लुम्म डुबैका छौं । ठूला भ्रष्टहरुलाई छुने आँट गर्दैनौं । सबैतिर राजनीतिकरण गरेर बेहाल बनाएका छौं । एउटा बाँकी रहेको सेनालाई पनि बेलाबेलामा चलाउने गरेका छौं । हुँदा हुँदा संघीयता सेतो हात्ती भएको कारण देशले खर्च धान्न नसक्ने भइरहेको अवस्थामा पनि केही बिद्वान भनाउँदाहरु सेनाको संख्या घटाउन लबिङ गरिरहेका छन् । यसमा गम्भिर बहस गरेर सेनाले अहिले गरिरहेका कार्य स्वदेशदेखि बिदेशसम्मका कार्यको मूल्यांकन गरौं । सेनाको अबमूल्यन कहिले नगरौं । जसले सेनालाई मात्र होइन राष्ट्रलाई नै अपठ्यारो पर्न सक्छ । परेको बेलामा राष्ट्र बचाउने सेना र जनता मिलेर नै हो । अरु देशका सेना र नेपाली सेनामा भएको सुबिधा र खर्चको मूल्यांकन गरौं । अब नेपाली सेनालाई आधुनिकीकरण गरी चुस्त र दुरुस्त तथा बिशेषगरी गोलीगठ्ठा, बम्बबारुदमा आत्मनिर्भर बनाऔं । प्रधानमन्त्री प्रचण्डले भनेजस्तै सबै युवालाई सैनिक तालिम दिउँ भन्ने महत्वपूर्ण बिषयमा बहस चलाऔं । जसबाट युवाहरु स्वस्थ र अनुशासित बन्नेछन् ।जसले परेको बेला देशको बिकास, सुरक्षा र दैबिक प्रकोपमा सेनाको भूमिकामा रहेर कार्य गर्नेछन् । यसतर्फ सबै दलका नेताले शीर ठाडो पारी, नेपालको अस्तित्व जोगाउँदै कुनैपनि देशको कठपुतली सरकार नबनी दुबै छिमेकी राष्ट्रसहित सबै शक्ति राष्ट्रको बिश्वास जितेर हाम्रो देशको बिकासमा निस्वार्थ सहयोग जुटाउने प्रयास गरौं ।

***-डिसी नेपाल डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम वा रोजगार पाईनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **तुला** : शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ । भाग्यले अवसर जुराउनेछ । |
| **वृष** : लेनदेनमा सजकता अपनाउनु पर्नेछ । अधिक धन खर्च हुनेछ । | **वृश्चिक** : व्यापार व्यसायबाट लाभ मिल्नेछ। विश्वास गरेकाले साथ दिनेछन्। |
| **मिथुन** : शुभ समाचार सुन्न पाइएला । दाम्पत्य जीवन सुखमय रहनेछ । | **धनु** : कार्यमा सफलता पाईनेछ । नयाँ व्यक्ति संग भेटघाट हुनेछ । |
| **कर्कट** : आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । भूमिबाट लाभ रहला । | **मकर** : कमजोर भएको अनुभूति हुनेछ । संयम रहनु होला । |
| **सिंह** : वित्तिय संस्थाबाट सहयोग पाईनेछ । मिष्ठान्न भोजन प्राप्ति होला । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । |
| **कन्या** : श्रमको उचित मूल्याङ्कन हुनेछ । पठनपाठनमा प्रगती हुनेछ । | **मीन** : नयाँ सवारी साधन प्राप्तिको योग छ । आँटिको र ताकेको कार्य पुरा होला । |

# एसईईपछि कानुन किन नपढ्ने ?

**यज्ञराज पाण्डे**

**विषय प्रवेश :**

एसइई परीक्षा उत्तीर्ण गरेपछि अब के पढ्ने भनेर हिजोआज धेरैका लागि चासोको विषय बन्दैन । किनकि कसले कति नम्बर ल्यायो उसले त्यहीअनुसारको विषय पढ्नुपर्छ भनेर नेपाली समाजले एउटा मानक निर्माण गरिदिएको छ । अब्बल नम्बर ल्याउने विद्यार्थीले विज्ञान, त्यसपछि व्यवस्थापन, त्यसपछि मानवशास्त्र, कानुन वा अन्य केही । नम्बरका आधारमा के पढ्ने भनेर विषय रोज्ने यो ज्यादै गलत, परम्परागत र अवैज्ञानिक शैली हो । यसबाट धेरै विद्यार्थीहरूको क्षमता पहिचान र अभिवृद्धिमा ठूलो चुनौती खडा गरेको छ । विद्यार्थीको रुचिलाई मारेको छ ।



उच्च शिक्षामा के पढ्ने भन्ने कुराले मानिसको जीवनलाई दीर्घकालसम्म पनि ठूलो असर पारिरहेको हुन्छ । कारण यो उमेरको विद्यार्थीले लिने ज्ञानमा दीर्घकालसम्म असर पारिरहेको हुन्छ । त्यसैले पनि यो उमेरका विद्यार्थीले पढ्ने विषयले पनि उनीहरूको मस्तिष्कको विकास कतिसम्म हुन सक्छ र त्यसले भावी दिनमा पनि विद्यार्थीको तर्कशक्ति कस्तो हुन्छ भनेर निर्क्योल गर्दछ । यो उमेर समूहका विद्यार्थीमा देखापर्ने जैविक परिवर्तनका कुराहरूको छुट्टै विश्लेषणको विषय बन्छ तर यो लेखमा मूलत: एसइईपछिका उमेर समूहका विद्यार्थीमा आउने सोच तथा तार्किक क्षमताको परिवर्तन र त्यही समयमा आवश्यक पर्ने शैक्षिक विषयहरूको ज्ञानले जीवनमै पार्ने प्रभावका बारेमा चर्चा गर्न खोजिएको छ । अझ कानुन विषय एक्काईसौं शताब्दीका लागि कत्तिको अनिवार्य र आवश्यक हो भन्ने कुरामाथि छलफल गर्न खोजिएको छ ।

**१८ वर्षलाई वयस्कको मान्यता**

सामान्यत: १८ वर्ष पुगेपछि वयस्क उमेर सुरु भएको मानिन्छ । अथवा यो उमेरमा पुगेपछि अब कोही नाबालिग रहँदैन भन्ने मान्यता राखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०७५ ले कुनै पनि व्यक्ति १८ वर्ष नपुगुञ्जेलसम्मका लागि बालिग भनेर तोकिदिएको छ । एउटा बालकमा सुझबुझ तथा परिपक्वता १८ वर्षपछिमात्रै आउँछ भनेर यो व्यवस्थाले परिकल्पना गरेको हो ।

त्यसैगरी नेपालमा सहमतिमै भए पनि यदि १८ वर्षभन्दा मुनिका महिलासँग शारीरिक सम्बन्ध राखियो भने करणी गरेको मानिने कानुनी व्यवस्था छ । यसले पनि के देखाउँछ भने १८ वर्षको उमेरपछि मात्रै महिला परिपक्व हुन्छन् र उनीहरूमा निर्णय गर्न सक्ने क्षमता विकास हुन्छ । के गर्दा ठीक वा के गर्दा बेठीक भनेर छुट्याउन सक्ने उनीहरूमा क्षमता १८
[redacted] छ भन्ने कुरा पनि यो
[redacted] ना गरेको छ । त्यस्तै,
[redacted] दान गर्नका लागि १८
[redacted] ुपर्ने भन्ने अनिवार्य
[redacted] छ । निर्वाचनसम्बन्धी
[redacted] को यो व्यवस्थाले पनि
[redacted] ाई मत दिने हो भन्ने
[redacted] उमेरमा पुगेकाले गर्न
[redacted] यो व्यवस्था राखिएको
[redacted] सार्वभौमसत्ताको प्रयोग
[redacted] को उमेरहद तोकिएको

**[redacted] आरम्भ भने १६**

[redacted] ाका लागि १६ वर्षको
[redacted] बिन्दु मानिन्छ । यो
उमेरलाई आधिकारिकरूपमा वयस्कको उमेर स्वीकारेर नागरिकता ग्रहण गर्न योग्य उमेर मानिएको छ । नागरिकता प्राप्तिका लागि १६ वर्षलाई योग्य उमेर माने पनि मतदानका लागि भने १८ वर्ष नै निर्धारण गरिएको छ । तर, नागरिकता प्राप्तिपछि बैंक खाता खोल्न पाइने, सम्पत्ति आफ्नो नाममा ग्रहण गर्न पाइने, सरकारी तथा गैरसरकारी संस्थाको सदस्य हुन पाइने, आफ्नै नाममा कम्पनी खोल्न पाइने, करार गर्न पाइने लगायतका एक परिपक्व व्यक्तिले गर्न सकिने अधिकांश अधिकार प्रदान गरिएको छ । त्यसैले १६ वर्षको विद्यार्थीलाई एक सक्षम व्यक्तिका रूपमा लिइएको छ ।

**आवश्यकता तर्कशील र विवेचनात्मक ज्ञानको**

तथ्यगतरूपमा हेर्ने हो भने हाम्रा कानुन, सिद्धान्त, प्रचलन तथा अन्तर्राष्ट्रिय अभ्यासले साँच्चिकै वयस्कको उमेर १६ वर्षदेखि १८ वर्षलाई लिइएको छ । आंशिकरूपमा एउटा व्यक्तिमा १६ वर्षमा वयस्कता सुरु भएर १८ वर्षसम्म त पूर्णरूपमा वयस्क भइसक्ने कुरा परिकल्पना गरिएको छ । यो वयस्कताको प्रारम्भ बिन्दुमा हामीमा कस्तो ज्ञान आर्जन भयो, कस्तो तर्क र क्षमताको विकास भयो भन्ने कुराले भावी दिनसम्म पनि हाम्रो जीवनमा ठूलो प्रभाव पार्दछ । यो उमेरमा हामीले अपनाउने अध्ययन पद्धति र तरिकाहरूले पनि हाम्रो मस्तिष्कको विकास कसरी गर्ने भन्ने कुरालाई निर्क्योल गर्दछ ।

१६ देखि १८ वर्षको उमेर वयस्कताको उमेर हो भने यो उमेर समूहका विद्यार्थीहरूले पढ्ने पुस्तकले उनीहरूको दृष्टिकोण निर्माण गरिरहेको छ । कुन विषयप्रति के विचार उब्जिन्छ भन्ने कुराको दृष्टिकोण भावी दिनसम्म पर्ने भएकाले यो उमेर समूहका के-कस्ता विचार र तर्कसँग साक्षात्कार भयो त्यही प्रकारको भावी दिनको दृष्टिकोण वा सोच्ने तरिका पनि निर्माण हुँदै जान्छ । कति फराकिलो ढंगले वस्तुलाई नियालियो ? कति फराकिलो ढंगले मानिसका विचारहरू ग्रहण गरियो ? कति फराकिलो ढंगले पुस्तक पढियो ? लगायतका कुराहरूले हामीमा कति फराकिलो चेतनाको विकास भयो भन्ने कुरालाई इंगित गर्छ । प्राय: जसो एसइई दिने विद्यार्थीहरूको उमेर १६ वर्ष हुन्छ भने केहीको त्यसभन्दा माथि वा भनौं १६ र १८ वर्षकै बीचको हुन्छ । तसर्थ एसईई पास भएपछि उच्च शिक्षामा कुन विषय अध्ययन गरिन्छ त्यसले भावी दिनमा विद्यार्थीको दृष्टिकोण निर्माण, तर्कशक्ति र चेतनालाई निर्धारण गर्ने हुँदा यो उमेर समूहका विद्यार्थीले आफ्नो क्षमता, दक्षता, सीप, कला, दृष्टिकोण, चेतनास्तर अभिवृद्धि गर्ने प्रकारको शिक्षा आर्जन गर्नुपर्छ ताकि दीर्घकालीनरूपमा त्यसले विद्यार्थीको सोच र दृष्टिकोणलाई फराकिलो, तर्कसंगत र व्यावहारिक बन्न सिकाओस् ।

**कानुन किन नपढ्ने हो र ?**

यदि १६ देखि १८ वर्षको उमेरका विद्यार्थीहरूमा तर्क गर्न सक्ने क्षमताको अभिवृद्धि हुन्छ, दृष्टिकोण निर्माण हुन्छ, चेतनाको अभिवृद्धि हुन्छ भने त्यसैसँग सम्बन्धित कानुन विषय किन नपढ्ने हो र ? कानुनको अध्ययनले कुनै पनि विद्यार्थीको तर्क गर्न सक्ने क्षमतामा अभिवृद्धि गर्दछ, चेतनाको विकास गर्दछ, दृष्टिकोणलाई फराकिलो पार्दछ र व्यावहारिक बन्न प्रेरित गर्दछ । यो विषयको अध्ययनले समाजलाई बुझ्न सिकाउँछ, समाजका समस्याहरूलाई केलाउन सिकाउँछ, राजनीतिलाई नियमसंगत चलाउनुपर्ने कुरालाई प्रेरित गर्दछ र राज्यको नीति निर्माण र तिनको कार्यान्वयनमा प्रत्यक्ष सरोकार राख्दछ । हामीले बारम्बार राजनीतिले देश बिगार्‍यो भन्छौं वा नेताहरू कानुनको पालना गर्दैनन् भनेर गुनासो गर्छौं । राज्यमा कानुनको शासन, जवाफदेही सरकार, पारदर्शिता, अधिकारको सुनिश्चितता, न्यायमूलक समाज र स्वतन्त्र न्यायपालिकाको स्थापना भएन भन्ने कुरामा हाम्रो सधैं गुनासो रहन्छ । तर, यी सबै कुराको चेत जगाउने र त्यसमा निर्मम समीक्षा गरी राज्यलाई आवश्यक पर्ने नीति नियम र मूल्य मान्यताका विषयमा हामीले हाम्रा विद्यार्थीलाई संलग्न गराएनौं । जबकि यी सबै कुराको ज्ञान र समाधान कानुनी शिक्षाले दिन्छ ।

कानुनी शिक्षाले राज्यमा भए, गरेका घटनाक्रममाथि तार्किक विश्लेषण गरी समस्याका कारण पहिचान गरी समाधानका उपाय सुझाउन मद्दत गर्छ । यसको नेतृत्व गर्ने अवसर हाम्रा विद्यार्थीलाई हामीले किन प्रदान नगर्ने ? राज्य व्यवस्था र राजनीतिलाई नजिकबाट बुझ्न सिकाउने र त्यसमा देखिएका समस्याहरूलाई कानुनसम्मत् रूपमा समाधान गर्न सिकाउने विषय कानुन हो भने त्यो विषय पढ्न हाम्रा विद्यार्थीलाई किन प्रेरित नगर्ने ? कानुनको ज्ञानले आजका समस्यालाई मात्रै समाधान गर्न सिकाउँदैन, भोलिको पुस्तालाई समेत मार्गप्रशस्त गर्न एक असल शासन प्रणालीको आरम्भको जग बसाउन अहं भूमिका खेल्दछ । त्यसैले त नेब्रास्का विश्वविद्यालय कानुन कलेजका डिन रस्को पाउन्डले 'कानुन भनेकै समाज निर्माणको आधारस्तम्भ हो भने वकिल भनेकै सामाज निर्माणका संवाहक हुन्' भनेर उन्नाईसौं शताब्दीमै भनेका थिए ।

*-इहिमलय टाइम्स डटकम*

# जीपीएमा होइन, जिन्दगीमा सफलता खोजौं

**यमुना अर्याल**

एकजना आफन्तलाई एसईईको नतिजा आएको थाहा पाउनासाथ फोन गरें, 'छोरीको रिजल्ट के भयो ? कति जीपीए ल्याइछन् नानीले ?' साहित्यमा निकै रुचि राख्छिन् नानीले, बेलाबेलामा कविता पनि लेख्छिन् । मिहिनेती, इमानदार स्वभावकी नानीको पढाइप्रति निरन्तरको लगाव देख्थें, पक्कै राम्रो नतिजा ल्याइन् भन्नेमा संशय थिएन । मेरो कौतूहलमा ती आफन्त खासै खुशी देखिइनन् । 'खै के भन्नु र ? ल्याउन त ल्याई तर उसले जति सोचेकी थिई त्यस्तो भएन' । हेर्नु न 'जम्मा ३.६५ जीपीए मात्रै आएछ ।' यो जीपीएलाई प्रतिशतमा परिणत गर्दा झन्डै ८९ प्रतिशत हुने रहेछ । तर पनि यी आफन्त खुशी देखिइनन् । 'सोच त सबैको शतप्रतिशत नै हासिल गर्न सकौं भन्ने हुन्छ नि, यत्रो नम्बर ल्याउँदा पनि किन बेखुशी ?' आमा मार्फत नानीलाई बधाई भनिदिएँ । 'खै एकपटक नानीलाई फोन दिनु न उसैलाई बधाई दिन्छु' मेरो कुरा सुनेर ती आफन्त एकैछिन बोलिनन् । नानीको मनमा के छ थाहा छैन तर आमाको मनमा फिटिक्कै चैन रहेनछ भन्ने कुरा थाहा पाइहालें । 'हेर्नु न सोचेजति नम्बर नआएपछि, एकोहोरो रोएर बसेकी छ, कोही कसैसँग बोलेकी छैन । कति दु:खी भएकी छ, बोल्दिन रेपछि कुरा गर्छु भनी ।' 'ठिकै छ' भनेर फोन राखें । अबको पाँच वर्षपछि मेरो छोराको पनि एसईई दिने बेला आउँछ, त्यो बेलाको तस्बिर दिमागमा फनफनी घुम्न थाल्यो । हामीले कस्तो कुरा रटाएका छौं बच्चालाई ? साँच्चै त्यो नानीले सोचेको जीपीए कति हो ? उसको सोच अनुसारको जीपीए के कारणले आएन ? किन ऊ यत्रो नम्बर ल्याउँदा पनि खुशी हुन सकिनँ ?



उसलाई किन योभन्दा बढी जीपीएको अपेक्षा भयो ? कति जीपीए आएको भए ऊ खुशी हुन्थी होला ? यो कुरा न आमाले सोचिन् र न त्यो छोरीलाई बुझाउन खोजियो । बस् जीपीएमा रनभुल्ल भइरहेको छ सफलताको माहोल । हामी आफू जे हुन सकेनौं, त्यो आफ्ना बच्चालाई बनाउन चाहन्छौं । हामी जे गर्न असमर्थ भयौं त्यो कुरा छोराछोरीबाट पूरा होस् भन्ने चाहन्छौं । अपेक्षा राख्नुपर्छ तर कुन हदसम्म ? आशा गर्नुपर्छ तर, कुन लेबलसम्म ? छोरी बेखुशी हुँदा आमाले सम्झाउनु पर्दैन ? बुवाआमा नै योभन्दा कम आयो भने ?

**कम्तीमा यति ल्याउनुपर्छ नत्र ?**

यति धेरै प्रश्नका तीरहरू तेर्सिएका हुन्छन् नि, ती प्रश्नको जवाफ बच्चाले जे गर्दा, जसो गर्दा पनि दिन सक्दैनन् । बा-आमाको हुकुमी शासनका पर्याय धेरै देखिन्छन् । ती आफन्त आफूले तीनपटक जाँच दिएर आई.ए. पास गरेकी हुन् । ब्याक पेपर दिँदै आफूले परीक्षा पास गरेको उनलाई हेक्का छैन । जब आफूलाई ३५ नम्बर ल्याउन नसकेर तीनपटक एउटै विषयको परीक्षा दिनुपरेको थियो । उनकी छोरीले एकैपटकमा ९० नम्बर हाराहारीमा ल्याउँदा पनि खुशी हुन नसक्ने कस्तो मनस्थिति सृजना गरेका छौं हामीले ? ती १५ वर्षकी छोरीलाई के नै बढी थाहा होला र ?

उनीहरूलाई बुवाआमा, आफन्त जसले जे भनेका छन्, जस्तो सिकाएका छन्, त्यस्तै प्रभाव पर्ने होइन र ? छोरीलाई बधाई दिने, आएको नम्बरमा खुशी दिलाउने काम त अभिभावकको हो नि तर उसको यति आएछ, फलानाको पनि यति आएछ, तेरो किन यति कम नम्बर ? यस्ता प्रश्न सोध्न थालेपछि बच्चाको दिमागमा कस्तो प्रभाव पर्छ ? अंकको हाउगुजी कति डरलाग्दो ? यो एउटा प्रतिनिधि घटना मात्रै हो, हामी आफ्ना छोराछोरीलाई यति धेरै दबाब दिन्छौं कि त्यो दबाबको बोझ कति हदसम्म बच्चाले थेग्न सक्लान् ? त्यो हेक्का राख्न सक्दैनौं । एकदिन मेरो एकजना सहकर्मीले सुनाएकी थिइन्, 'छोराले कम नम्बर ल्यायो भनेर पटक-पटक गाली गरेको त एकदिन उल्टै मलाई, मम्मी तपाईंको सर्टिफिकेट देखाउनुस् त कति नम्बर ल्याउनुभएको रहेछ' भनेर प्रतिप्रश्न गर्‍यो । त्यो दिनदेखि अझ राम्रो गर, गर्नुपर्छ भनें तर कहिल्यै पनि थोरै नम्बर ल्याइस् भनेर कराउने काम गरिनँ ।' आफ्नो नम्बर देखाऊँ भने सबैमा 'गान्धी डिभिजन' छ । छोराले असी, पचासी ल्याउँदा पनि कम ल्याइस् भन्दै कराउने म कुन नैतिकताले गाली गरौं ? त्यसपछि उसलाई हौसला दिएँ, अझ राम्रो गर भनें ऊ साँच्चिकै राम्रो हुँदै गयो । दबाबले बच्चामा ईर्ष्या पनि जगाउने रहेछ भन्ने बुझाइ ती सहकर्मीको थियो ।

यो मात्रै होइन सामाजिक सञ्जालमा आफ्ना छोराछोरीहरूको ए प्लस नआएको भन्दै ग्वाँ-ग्वाँ रोएका भिडियोहरू अपलोड गरेर बा-आमाले लाइक कमेन्टको ओइरो पाइरहेका दृश्यहरू छ्याप्छ्याप्ती देखिन्छन् । जीपीएको भूतमा नबहकिनुहोस्, जिन्दगीमा सफल हुन सिकाउनुहोस् । आज धेरै जीपीए ल्याएको छोराछोरी भोलि त्यति नै ल्याउँछन् भन्ने के ग्यारेन्टी छ ? अंकमा होइन, अभावमा पनि बाँच्न सिकाउनुहोस् । जीपीएमा होइन, जिन्दगीमा सफल हुन सिकाउनुहोस् । नम्बरको कुरा एकातिर, बा-आमाको रुचि अर्कातिर हुन्छ । छोराछोरीको इच्छा एउटा बा-आमाको शिक्षा अर्कैतिर हुन्छ । धेरै नम्बर ल्याउनासाथ डाक्टर, इन्जिनियरतिरै बा-आमाको दृष्टि पुग्छ भलै छोराछोरीलाई एक पटक पनि सोध्ने गरिँदैन । अरूलाई देखाउन, अर्काको सामु नाक राख्न पनि छोराछोरीको चाहना भन्दा बा-आमाको चाहना हाबी हुन पुग्छ । छोराछोरीको मनस्थिति बुझौं, उनीहरूको चाहना बुझौं, कुन विषय पढ्दा उनीहरू खुशी हुनसक्छन् त्यो कुरा बुझौं । जबर्जस्ती मामाका, फुपूका, बडाबाका छोराछोरीको दाँजोमा जबर्जस्ती आफ्ना छोराछोरीलाई मिसाउने काम नगरौं । तीन वर्ष पहिलेको कुरा अहिले पनि मानसपटलमा घुमिरहन्छ । एक आफन्तको छोराले ८५ प्रतिशत नम्बर ल्याएर फलामे ढोका पार गरे । बा-आमालाई अरूलाई देखाउनुथियो, जबर्जस्ती विज्ञान संकायमा भर्ना गरिदिए । छोराको चाहना वकिल बन्ने थियो । छोरो सानो भए पनि कानुनी कुरा यति धेरै थाहा थियो कि ऊ विद्वान् वकिलका जस्तै कुरा गर्थ्यो । म कालो कोट लगाउने हो, बहस गर्ने हो भन्थ्यो । तर बा-आमाले उसको कुरा सुनेनन् । यत्रो नम्बर ल्याएर पनि कानुन पढ्ने हो ? आफन्तले के भन्छन् ? मामाको छोराले साइन्स पढ्या छ, सानिमाको छोरीले इन्जिनियरिङ पढेकी छ तँ मात्रै के भन्छन् उनीहरूले ? त्यो छोरालाई बाआमाले यति धेरै दबाब दिए कि ऊ आफ्नो मन मारेर बाआमाको खुशीको लागि विज्ञान संकायमा भर्ना भयो । एक वर्ष पढ्यो तर उसले दिलदेखि पढेन । पास मात्रै भयो ११ कक्षाको नतिजामा, उता मामा, सानिमाका छोराछोरीले कलेज टप गरेका थिए । त्यसपछि भने बाआमालाई निकै तनाव भयो । धेरैतिरको दबाब र छोराको आफ्नै असन्तुष्टिका कारण बरु एक वर्ष ढिला होस्, उसको रोजाइको कानून नै पढाउने निर्णय गरे । छोराले एघार, बाह्र दुवै कक्षामा कलेज टप गर्‍यो । हिजो यस्तो विषय पनि कोही पढ्छ ? भन्ने बाआमा मेरो छोराले कलेज टप गर्‍यो, बाआमालाई कलेजले सम्मान गर्‍यो भन्दै छिमेकमा लड्डु बाँड्दै हिंडेका देखिन्थे । यदि त्यो बाबुलाई बाआमाको इज्जतकै लागि विज्ञान नै पढाइदिएको भए ऊ विस्तारै डिप्रेसनको शिकार हुन्थ्यो । तर अहिले ऊ आफ्नो रोजाइको विषय पढेकोमा, अब्बल नतिजा ल्याउन सकेकोमा यति खुशी देखिन्छ कि मानौं यो संसारको सबैभन्दा खुशी उही छ जसरी । तिनै बाआमाले पोहोर साल एसईई उत्तीर्ण गरेकी छोरीलाई उसकै रोजाइमा वाणिज्य संकायमा भर्ना गरिदिए । बल्ल चेत आयो, यो चेत सबै बाआमामा कहिले आउने ? हामी किन अरूलाई देखाउन चाहन्छौं ? एकजना आफन्तले सबैका छोराछोरी विदेश गए, उनीहरूलाई देखाउन भए पनि तँ विदेश जा भनेर एक्लो छोरालाई विदेश पढ्न भनेर पठाइन् । रहरले होइन, आमाको करले अष्ट्रेलियामा गएको छोराले यति हन्डर खायो कि न राम्रोसँग पढ्न पायो, न कमाउन सक्यो । उल्टै पैसा पठाएर नेपाल फिर्ता बोलाउन बाध्य भइन् आमा । छोराको जाने मनसाय नै छैन, अरूलाई देखाउनको लागि आमाको मन राख्न ऊ विदेश गयो तर न पढ्न सक्यो, न कमाउन । विस्तारै डिप्रेसनमा छोरो जान थालेको थाहा पाएपछि नेपाल फिर्ता बोलाएँ, अहिले आफ्नै व्यवसाय गरेर बसेको छ, ऊ खुशी छ ।

हामी आफू जे हुन सकेनौं त्यही छोराछोरी होउन् भन्ने चाहन्छौं । हो, आशा राख्न पाइन्छ, छोराछोरीमा लगानी गरेपछि त्यही अनुसारको अपेक्षा राख्नु नाजायज होइन तर मलजल, गोडमेल सबै गर्दा पनि उत्पादन भनेजति आउँदैन नि होइन र ? सबै धनीहरू खुशी हुँदैनन्, सबै धेरै नम्बर ल्याउनेहरू सफल हुँदैनन् । बच्चाहरूलाई सधैं जित्न होइन, हार्न पनि सिकाउनुपर्छ । हार्नु कमजोर हुनु होइन, थप मजबुत हुनु हो भन्ने ज्ञान दिऊँ । नम्बर भन्दा ठूलो जिन्दगी हो, यो कुरा बुझौं ।

*-अनलाइन खबर डटकम*

# पाठकका नजरमा नवजनचेतना दैनिक

२९ औं वर्ष प्रवेशको

**'स्वच्छ र स्वतन्त्र पत्रकारिता' भन्ने मूल नाराका साथ प्रकाशन सुरु भएको नवजनचेतना राष्ट्रिय दैनिक आजदेखि २९ औं वर्ष प्रवेश गरेको छ । हाम्रो यो यात्रा यहाँसम्म ल्याउनमा हाम्रा पाठक, शुभेच्छकको अहम् भूमिका रहेको छ । यस अवधिमा दैनिकले बाटो बिराएकाहरूप्रति निरन्तर खबरदारी गऱ्यो, चाहे सरकार सञ्चालक हुन् वा कर्मचारी, सार्वजनिक जिम्मेवारीमा रहेकाहरू हुन् वा समाजका सरोकारवाला व्यक्ति, संस्था र निकायहरू हुन् । हामी चाहन्छौँ, हामीप्रति पनि पाठकको यस्तै खबरदारी जारी रहोस् । २९ वर्ष प्रवेशको अवसरमा पाठकहरुको नजरमा नवजनचेतना दैनिक कस्तो रह्यो/रहनुपर्छ ? भन्ने प्रतिक्रिया, सुझाव र सल्लाह जस्ताको त्यस्तै यहाँ प्रस्तुत गरेका छौं ।**



**शैलेन्द्र भट्टराई**
**अध्यक्ष, उद्योग वाणिज्य संघ**

सर्वप्रथम त म यो पत्रिका २९ वर्ष प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । विशेषत: मोफसलबाट प्रकाशित जिल्लाको एक मात्र दैनिक पत्रिकाले उद्योगी, व्यवसायीहरुको हितमा खेलेको भूमिका प्रशंसनिय छ । यसले आर्थिक समस्याबाट गुज्रिरहेका उद्योगी, व्यवसायीहरुलाई माथि उठाउनका लागि सरकार र सम्बन्धित निकायहरुलाई निरन्तर खबरदारी गर्दै आएको मैले महशुस गरेको छ । पछिल्लो समय आर्थिक संकटबाट निजी क्षेत्र मात्रै होइन मिडियाहरु समेत ग्रसित भएको अवस्था छ । यस्तो अवस्थामा स्थानीय सरकारले निरन्तर सक्रिय रुपमा लाग्दै आएका छापा सञ्चारमाध्यमहरुलाई प्रोत्साहन स्वरुप केही बजेट विनियोजन गर्न जरुरी छ । सकारात्मक विचार बोकेको यो पत्रिकाले समाजलाई सकारात्मक दिशातर्फ डोऱ्याएको छ । आगामी दिनमा समय सापेक्षा प्रविधिको प्रयोग गरी खोजमूलक समाचारहरुमा पत्रिकाले ध्यान दिन सकोस् ।



**रेखीराम राना**
**अध्यक्ष, पत्रकार महासंघ पाल्पा**

जिल्लाको एक मात्र दैनिक पत्रिका नवजनचेतनाले पाठकहरुको मन जित्न सफल भएको छ । निष्पक्ष र स्वतन्त्ररुपमा आम नागरिकलाई सु-सूचित गर्ने काममा पत्रिका निरन्तर लागेको छ । मोफसलमा रहेर पत्रिका प्रकाशन गर्नु र यसलाई निरन्तरता दिनु सधैं चुनौतीहरुसँग लडिरहने काम हो । चुनौतीहरुसँग लड्ने तयारीका साथ नवजनचेतना दैनिकले २९ वर्ष अघिदेखि जुन जमर्को गरेको छ त्यो अत्यन्तै सह्रानीय र प्रशंसनीय छ । पछिल्लो समय डिजिटल युगले गर्दा पत्रिको महत्व घट्दै गएको होकी भन्ने महसुस हुन थालेको छ । यद्यपी पत्रिकाको महत्व घट्यो भन्दैमा त्यसको औचित्य भने घटेको छैन । समय सापेक्ष पत्रिकाले प्रकाशन गर्ने सामग्रीहरुमा भने सुधार गर्दै जानुपर्छ । जिल्लाको एक मात्र दैनिक पत्रिका भएकाले यसलाई बचाई राख्न यहाँका, उद्यागी, व्यवासयी र स्थानीय सरकारले विशेष ध्यान दिनुपर्छ । यस दैनिकले जिल्लाको पत्रकारिता क्षेत्रलाई थप उचाईमा पुऱ्याउन सकोस् शुभकामना ।



**लालकाजी शाक्य**

म यस पत्रिकाको नियमित लेखक तथा पाठक हुँ । पत्रिकाले पस्कने हरेक सामग्री राम्रा र पठनिय छन् । सत्यतथ्य समाचार प्रकाशन गरी आम पाठहरुको घर-घरमा पुऱ्याउने काममा यस नवजनचेतनाले खेलेको भूमिका सह्रानीय रहेको छ । समाचार, विचार तथा विभिन्न खाले पाठकलाई चाहिने जरुरी पाठ्यसामग्रीहरुले यस क्षेत्रका पाठकहरुको पत्रिकाले मन जितेको पाइएको छ । समाज र देशमा देखिएका विकृति विसंगतीका विरुद्ध पत्रिकाले वर्षभरि उठाएको विषयवस्तुका लागि हार्दिक धन्यवाद दिन चाहन्छु । पत्रिकाले वितरण प्रणालीलाई सुधार गर्दै थप पृष्ठ बढाउने काममा ध्यान दिन सकोस् सफलताको शुभकामना ।



**पं.होमनाथ न्यौपाने**

म नवजनचेतना दैनिकको नियमित पाठक हुँ । यसले पस्कने हरेक सामग्रीहरु अत्यन्त राम्रा छन् । विगतमा यसले पस्कने सामग्रीहरु त्यत्ति पठनीय नभए पनि पछिल्लो ५ वर्ष यता हेर्दा हरेक सामग्रीहरु पठनिय छन् । यसबाट प्रकाशित समाचारहरुले समाज रुपान्तरणमा मात्र होइन सत्य तथ्य सूचनाहरु थाहा पाउन महत्वपूर्ण भूमिका खेलेको छ । पत्रिकाले आगामी दिनमा थप परिस्कृत सामग्रीहरु पस्कदै ४ पृष्ठबाट थप बढाउदै पाठकहरु बढाउने कुरामा ध्यान दिन सकोस् भन्दै शुभकामना दिन चाहन्छु ।




**मानबहादुर खाम्चा**

म यस दैनिकको पुरानो पाठक हुँ । मैले यस पत्रिकाका सबै अंकहरु अध्ययन गर्ने गरेको छु । समष्टिगत रुपमा यो पत्रिका राम्रो छ । यसले उठाएका विषयवस्तु निकै राम्रा छन् । पत्रिकाले स्थानीय स्तरका विषयहरुलाई उठान गरेको छ । यो राम्रो पक्ष हो । नवजनचेतनाले जिल्लाको सम्रग विकासमा पुऱ्याएको योगदान प्रशंसनीय छ । पत्रिकाले विकास निर्माणका बेतिथि, महिला बालबालिकाका विषय, स्थानीय वस्तुको प्रवर्द्धन हुने खालका विषयवस्तुलाई जुन किसिमले उठान गरेको छ त्यो सह्रानीय छ । पत्रिकाले पस्कने सामग्री राम्रा भएपनि वितरण प्रणालीमा भने केही समस्या होकि भन्ने मैले महशुस गरेको छु । आगामी दिनमा पत्रिका वितरणलाई नियमित गराउन सकियोस् ।



**टिकाराम बस्याल**

म यस पत्रिकाको नियमित पाठक हुँ । पत्रिकाले विगतमा भन्दा अहिले आफुलाई समय सान्दर्भिक रुपमा अगाडि बढाएको मैले महशुस गरेको छु । म जस्ता लाखौं पाठकहरुको मन जित्न सफल भएको छ । यसले प्रकाशित गर्ने हरेक सामग्रीहरु राम्रा छन् । पत्रिकाले अझ पृष्ठ थप गरेर लैजान सके राम्रो हुन्छ । बरु एक/दुई रुपैयाँ बढी भएर केही हुँदैन । आगामी दिनहरुमा पत्रिकाहरुले स्थानीय समाग्रीहरुलाई अझ परिष्कृत गर्दै वितरण प्राणालीलाई नियमित बनाउँदै लैजाओस् । समाजमा हुने सकारात्मक कामहरुलाई आम नागरिक माझ ल्याउने र नकारात्मक कार्यहरु समेत उजागर गरी समाज परिवर्तनको दिशामा आफुलाई अग्रसर बनाई पत्रकारिताको क्षेत्रमा विकास गर्दै अगाडि बढ्न सकोस् सफलताको शुभकामना ।



**जितबहादुर छहरी**

म प्राय:जसो यो पत्रिका पढ्ने गर्दछु । पत्रिकाको म नियमित ग्राहक पनि हुँ । स्थानीय पत्रिका भएकाले पनि यसले प्रकाशित गर्ने हरेक सामग्रीहरु पठनिय नै छन् । पछिल्लो समय पत्रिकाले पस्कने हरेक सामग्रीहरु मलाई राम्रो लाग्छ । म आफै पनि पत्रिका खोजी खोजी पढ्ने भएकाले एक दिन पनि घरमा पत्रिका नआउँदा मलाई खाना नै विर्से जस्तो हुन्छ । कहिले काही पत्रिका आउँदैन । यसलाई आगामी दिनमा नियमित गराउन सकियो भने राम्रै हुन्थ्यो ।

*प्रस्तुति : रामचन्द्र रायमाझी*

# सुत्केरी महिलाका लागि नि:शुल्क एम्बुलेन्स सेवा

**सरस्वती जिसी**

**गुल्मी,** असार ३०/गुल्मीको दुर्गम क्षेत्र अग्लुङ्गमा सुत्केरी महिलाहरुका लागि नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिने भएको छ । जिल्लाको पश्चिम क्षेत्रमा पर्ने ग्रामीणस्थल मदाने गाउँपालिका-१ अग्लुङ्गले सुत्केरी महिलाहरुका लागि नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने भएको हो ।

साउन एक गतेदेखि लागू हुने गरी नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय भएको वडाअध्यक्ष सुशील चन्दले जानकारी दिए । आर्थिक हिसाबले विपन्न परिवारलाई मध्यनजर गर्दै यस्तो निर्णय गरिएको उनको भनाई छ । 'घरको आर्थिक अवस्था कमजोर भएका परिवारलाई सहजै एम्बुलेन्स लैजान गाह्रो हुन्छ, जसका कारण समयमै उपचार नपाएर मृत्यु सम्म हुन पुग्छ । यस्तो अवस्था नआओस् भन्ने उद्देश्य हो' उनले भने । 'आमा र बच्चाको स्वास्थ्य उच्च जोखिममा पारी घरमै सुत्केरी हुने समस्याको अन्त्यका लागि नि:शुल्क एम्बुलेन्स सञ्चालन हुँदा धेरै सहयोग पुग्ने विश्वास लिएका छौं ।' आफुहरु नागरिकहरुको स्वास्थ्यप्रति सजग र गम्भीर रहेको उनले बताए ।



त्यहाँ रहेको अग्लुङ्ग स्वास्थ्य चौकीमा सुत्केरी हुन नसके छिमेकी जिल्ला प्युठानको बिजुवार लैजानुपर्छ । त्यहाँ पुग्न सवारी साधनमा झण्डै तीन घण्टाको यात्रा गर्नुपर्ने अध्यक्ष चन्दले बताए । उनले भने 'सवारी साधन रिजर्भ गरेर लैजादाँ सात हजार भन्दा बढी खर्च हुन्छ । अन्यत्र लैजानुपर्ने भएमा पनि वडा कार्यालयबाट यातायात खर्च समेत उपलब्ध गराइने भएको हो ।'

## खेलकुद समाचार

# भलिबल राष्ट्रिय टिमका कप्तान थापा बर्खास्त

**काठमाडौं,** असार ३१/नेपाल भलिबल संघले भलिबल राष्ट्रिय टिमका कप्तान हरिहजुर थापालाई कप्तानबाट बर्खास्त गरेको छ । आफ्नो जिम्मेवारी राम्रोसँग निर्वाह नगरेको र कर्तव्यबाट विमुख भएको भन्दै संघले उनलाई कप्तानबाट बर्खास्त गरेको हो ।

गत सोमबार दशरथ रंगशालास्थित कभर्ड हलमा गण्डकीविरुद्ध आर्मीबाट खेलेका उनले आफ्नो जिम्मेवारी र भूमिका राम्रोसँग निर्वाह गरेको आरोप छ । आफ्नो कप्तानीमा रहेका टिम आर्मीका खेलाडीले दर्शकलाई पिटेपछि उनलाई कप्तानबाट बर्खास्त गरिएको हो । घटनापछि महासचिव तथा प्रतियोगिता संयोजक समेत रहेका रोशन श्रेष्ठको संयोजकत्वमा गठन भएको पाँच सदस्यीय छानबिन समितिको सिफारिसमा उनलाई बर्खास्त गरिएको हो ।

# जेनतेन धानिदैं...

... पाल्पा र गुल्मीका केही ग्रामीण भेगमा अहिले पनि यो पर्व कायम रहे पनि सहरी क्षेत्रमा भने यदाकदाबाहेक लुतो फाल्ने चलन नै हराइसकेको छ । लुतो फाल्ने संस्कृतिले जेनतेन निरन्तरता पाउँदै आएपनि विस्तारै त्यसक्रममा प्रयोग गरिने सामग्री बारेको जानकारी नयाँ पुस्तामा खासै छैन । बढ्दो आधुनिकीकरणले गर्दा हाम्रो समाजमा यस्ता मौलिक रीतिरिवाजको लोप हुँदै जान लागेको ज्योतिषी पण्डित होमनाथ न्यौपानेले बताए ।

यो पर्वमा गरिने कार्यको धेरै महत्व रहेको प्रस्ट पार्दै उनले शरीरमा वर्षाका बेला अनेकौं कीराले टोकेर शरीर सुनिने, घाउ खटिरा आउने हुँदा शरीर स्वास्थ्यका लागि कन्डारक पूजा गर्ने र लुतो फाल्ने चलन चलेको बताए । ज्योतिष शास्त्रानुसार पनि सौरमासका हिसाबले साउने संक्रान्तिदेखि सूर्य कर्कट राशिमा प्रवेश गर्ने हुनाले यस दिनलाई 'कर्कट संक्रान्ति' पनि भनिएको हो । 'मानो खाई मुरी उब्जाउने' प्रचलित कथनअनुसार असार महिनाभर गरिएको खेतीपातीका कारण थाकेका किसान हिलोमैलो पखाली घरपरिवार र आफन्तका साथ रमाइलो गरी यस दिन भोज खाने गर्छन् । असारभर गरिने खेतीपातीका क्रममा हिलोका कारण फैलिन सक्ने लुतो, दाद आदि चर्मादि रोगबाट मुक्ति पाउन लुतो फाल्ने प्रचलन रहेको सेमत न्यौपानेले बताए । परम्परा अनुसार कागभलायो, कुकुरडाइनो, लुतेझार, पानीसरो, रातपातेजस्ता औषधीय गुण बोकेका वनस्पतिका साथै कागती, निबुवा, अम्बा, अनार, नासपाती आदि फलफूलसहित कन्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फ्याँक्ने गरिए पनि कतिपय ठाउँमा यी सामग्री लोप भइसकेका छन् ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई